FN 30

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका

# DHARAN SUB-METROPOLITAN CITY

## नगर कार्यपालिकाको कार्यालय

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-

चलानी नं. :- १०२

मितिः २०७७।०४।०४

**विषयः निर्देशन सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु

धरान उपमहानगरपालिका, सुनसरी ।

प्रस्तुत विषयमा समुदायमा आधारित बाल विकास केन्द्रहरुका लागि नजिकको विद्यालयलाई मातृ विद्यालय तोकी सहजकर्ताहरुको पारिश्रमिक लगायत अन्य सबै प्रकारका सेवा सुविधाहरु मातृ विद्यालय मार्फत निकासा हुदै आएको विदितै होला । आ.व. २०७६।७७ मा सामाजिक विकास मन्त्रालय, प्रदेश न. १ विराटनगरबाट प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुका लागि प्रति सहजकर्ता रु १० हजारका दरले प्रोत्साहन अनुदान प्राप्त भएकोमा सो अनुदान यस उपमहानगरपालिका अन्तर्गतका सबै सहजकर्ताहरुका लागि मातृ विद्यालयहरु मार्फत निकासा भइ सकेको भएता पनि कतिपय समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुबाट सो अनुदान विद्यालयले उपलब्ध नगराएको साथै IEMIS मा बाल विकास केन्द्रका सहजकर्ता तथा बालबालिकाहरुको विवरण अद्यावधिक गर्न इन्कार गरेको भनी यस कार्यालयमा गुनासो प्राप्त भएकोले बाल विकास केन्द्रका सहजकर्ताहरुका लागि निकासी भएको प्रोत्साहन अनुदान सम्बन्धित सहजकर्ताहरुलाई उपलब्ध गराउन र बाल विकास केन्द्रका मातृ विद्यालय तोकिएका विद्यालयहरुले अपनत्व लिई समुदायमा आधारित बाल विकास केन्द्र सम्बन्धी सबै विवरण विद्यालयको IEMIS मा अद्यावधिक गर्न हुन अनुरोध छ ।साथै समुदायमा आधारित बाल विकास केन्द्रहरुले पाउने सम्पूर्ण सेवा सुविधाहरु मातृ विद्यालय मार्फत समयमै निकासा माग गर्ने र निकासा रकम नियमानुसार वितरण गरी सो को लेखा राख्ने व्यवस्था गर्नु हुन समेत जानकारी गराइन्छ ।

रत्नबहादुर कटुवाल

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)

education@dharan.gov.np

कार्यकारी अधिकृतः ०२५-५२०२७९, आर्थिक प्रशासनः ५२५४९०, सूचना, राजस्वः ५२०१०९, कार्यालयः ५२०४०७, ५२०६३६, ५२०८१३ फ्याक्सः ५२११९१ वरुणयन्त्रः १०१, ५२०११९